चिङ्गाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अवलचिङ्ग सुर्खेतको मिति २०८३ साल असार १८ गते बिहिवार सम्पन्न भएको कार्यपालिका बैठकका निर्णयहरू

| क्र.सं. | प्रस्ताव पेस गर्ने कार्यालय⁄ शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधी, २०८३ निर्माणको लागि स्वीकृति प्रदान गरी उक्त मस्यौदा तयारीको लागि **प्रमुख प्रशासकीय अधिकृत श्री सुरेन्द्र सिंहज्यूको संयोजकत्वमा ३ सदस्यीय** कार्यदल गठन गर्ने र सो कार्यदलले तीस दिन भित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| २. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको कार्यसञ्चालन तथा खर्च सम्बन्धी (मापदण्ड) निर्देशिका, २०८३ स्वीकृत गर्ने निर्णय गरियो । |
| ३ | शिक्षा, युवा तथा खेलकुद शाखा | चिङ्गाड गाउँपालिका अन्तर्गत आधारभूत तहको स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरुको अपुग तलबभत्ता माध्यमिक तहका शिक्षकको स्वीकृत दरबन्दीको सशर्त अनुदानको बचत तलवभत्ता शीर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो। |
| ४. | कृषि विकास शाखा | चिङ्गाड गाउँपालिकाको कृषि तथा पशुपन्छी विद्येयक, २०८३ को निर्माणको लागि स्वीकृति प्रदान गरी उक्त मस्यौदा तयारीको लागि **वडा नं ५ का वडाध्यक्ष श्री लाल बहादुर जि.सी.ज्यूको संयोजकत्वमा ५ सदस्यीय** कार्यदल गठन गर्ने र सो कार्यदलले सात दिनभित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| ५. | कृषि विकास शाखा | चिङ्गाड गाउँपालिकाको प्राङ्गारिक मल कारखाना सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८३ निर्माणको लागि स्वीकृति प्रदान गरी मस्यौदा तयारीको लागि वडा नं २ का वडाध्यक्ष **श्री प्रेम बहादुर खड्काज्यूको संयोजकत्वमा ५ सदस्यीय** कार्यदल गठन गर्ने र सो कार्यदलले पन्ध्र दिनभित्र मस्यौदा तयारी गरि कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो। |
| ६. | शिक्षा, युवा तथा खेलकुद शाखा | चिङ्गाड गाउँपालिका र विश्व खाद्य कार्यक्रमको साझेदारीमा सञ्चालित स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रममा आर्थिक वर्ष २०८३।०८४ मा आवश्यक समपुरक विनियोजन गर्ने निर्णय गरियो। |
| ७. | भूमि सेवा केन्द्र | चिङ्गाड गाउँपालिका क्षेत्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत प्रविष्टि कार्य सञ्चालन गर्न सम्बन्धित शाखा/केन्द्रलाइ निर्देशन दिने निर्णय गरियो। |
| ८. | स्वास्थ शाखा | चिङ्गाड गाउँपालिकाको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०८३।०३।१८ को बैठकबाट स्वीकृतको लागि सिफारिस गरिएको बजेट तथा कार्यक्रम स्वीकृत गरी स्वास्थ्य तथा सरसफाई शाखा मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो। |
| ९. | शिक्षा, युवा तथा खेलकुद शाखा | आर्थिक वर्ष २०८२।०८३ मा श्री जनता माध्यमिक विद्यालय रानीवास र श्री गोकर्ण आधारभूत विद्यालयले सम्पन्न गरेको कार्यक्रमको भुक्तानी दिन बाँकी रहेकोले आर्थिक वर्ष २०८३।८४ को गाउँसभाबाट बजेट विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो। |
| १०. | कृषि विकास शाखा | आर्थिक वर्ष २०८२।०८३ मा प्रदेश सरकारबाट विशेष अनुदान वापत बजेट विनियोजन भएको प्राङ्गारिक मल मेसिन औजार खरिद कार्यक्रमको भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। |

लाल बहादुर जि.सी

प्रवक्ता प्रवक्ता

CamScanner